सुत्केरीको ज्यान बचाउँदै .....। पृष्ठ ६ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

**कार्यालय:**
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
**सम्पर्क नं.**
९८०७१५३३००
**इमेल:**
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१३, ● अंक-४२ ● २०७८ वैशाख २० गते सोमबार, ● 03 May. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## क्रिकेट रंगशालालाई थाहाको आर्थिक साथ

विकास संवाददाता
थाहा नगर

धुर्मुस सुन्तली फाउण्डेशनले चितवनमा निर्माण थालेको गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशालाका लागि थाहा नगरपालिकाले पनि आर्थिक सहयोग गरेको छ। नगरपालिकाको तर्फबाट नगर प्रमुख विष्टले फाउण्डेशनकी कुन्जना घिमिरे (सुन्तलीलाई) १६ वैशाखमा एकलाख रूपियाँ हस्तान्तरण गरेका हुन। जनस्तरको अभियानले निर्माण गर्ने योजना सहित निर्माण कार्य भैरहेको रंगशाला 'राष्ट्र निर्माण, तपाई हाम्रो अभियान' भन्ने नारा रहेको छ । बाँकी पेज ६ मा

## थाहाका भुजेल राष्ट्रियस्तरमै उत्कृष्ट

विकास संवाददाता
थाहा नगर

राष्ट्रिय सूचना आयोगले विनय कसजु उत्कृष्ट सूचना अधिकारी पुरस्कार बाट पाँच जनालाई पुरस्कृत गर्ने निर्णय गरेको छ । पुरस्कृत हुने मकवानपुर थाहा नगरपालिकाका सूचना अधिकारी सुरजकुमार भुजेलसहित पाँच जना रहेका छन् ।

आयोगको १७ वैशाखमा सम्पन्न बैठकले पुरस्कृत गर्ने निर्णय गरेको हो । सूचनाको हकको क्षेत्रमा पुऱ्याएको योगदान कदर स्वरूप थाहा नगरपालिकाका सूचना अधिकारी भजेल, राष्ट्रिय मुस्लिम आयोगका सूचना अधिकारी दयाराम तिवारी, प्रदेश निर्वाचन कार्यालय कैलालीका सूचना अधिकारी राजेश चौधरी, जिल्ला हुलाक कार्यालय ताप्लेजुङका सूचना अधिकारी नवराज गिरी र जिल्ला हुलाक कार्यालय खोटाङका सरोज खतिवडालाई पुरस्कृत गर्ने निर्णय भएको हो । बाँकी पेज ६ मा

### कोरोना भाईरस (कोभिड-१९)

## सचेतना फैलाउँदै नगरपालिका

विकास संवाददाता
थाहा नगर

कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि थाहा नगरपालिकाले सचेतनामुलक कार्यक्रम संचालन गरेको छ । पालिकाले प्रत्येक वडाको बजार क्षेत्रलाई अभिलेखीकरण गरी ति क्षेत्रहरूमा माइकिङ गर्ने व्यवस्था मिलाउने निर्णय भएको छ ।



कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि सम्पूर्ण व्यवसायीले मास्क अनिवार्य लगाउने र कोभिड सुरक्षा मापदण्ड अपनाउन नगरपालिकाले अनुरोध गरेको छ। चोक चौतारो, पसलमा आउजाउ गर्दा गर्दा पनि आफ्नो काम सकिने वित्तिकै आफ्नो घरमा जान र भिडभाग नगर्न पालिकाले सूचना गरेको छ ।

'आफू पनि बचौं, अरूलाई पनि बचाऔं' भन्ने नारासहित नगरपालिकाले स्थानीय राजनीतिक दल, संघसंस्था, सुरक्षाकर्मी तथा सम्पूर्ण सरोकारवालाहरूको समेत सहभागितामा सचेतनामुलक अभियान संचालन गरिने नगर प्रमुख लवशेर विष्टले जानकारी दिए ।

## वडाध्यक्षमा पनि संक्रमण

विकास संवाददाता
थाहा नगर

कोभिड-१९ को दोश्रो लहर सङ्गै थाहानगर दिनानु दिन आक्रान्त बन्दै गएको छ । पछिल्लो समय १७ वैशाखसम्म थाहानगरका एक वडा अध्यक्षसहित ३० जना कोरोना संक्रमित भएको थाहा नगरपालिका स्वास्थ्य शाखाले जनाएको छ । ३० मध्ये ९ महिला र बाँकी पुरूष रहेको स्वास्थ शाखा अधिकृत मेघराज बलामीले बताए । थाहा १ का वडा अध्यक्ष हेरमान गोपाली र थाहा १ कै एकै परिवारका ५ जना कोरोना संक्रमित भएका छन् । १७ वैशाखसम्म नगरका ६ कर्मचारी, २ जना स्वास्थ्यकर्मी पनि संक्रमित भएका छन। संक्रमितहरूमा ३ वर्षका बच्चा देखि ५० वर्ष उमेर समुहका छन् । एन्टीजेन परिक्षणबाट संक्रमितहरूको पुष्टी भएको हो। संक्रमित सबै 'होम आइसोलेशन'मा छन् । नगर पालिकाले आफ्ना कर्मचारीहरूमा कोरोना संक्रमण बढेसङ्गै १६ वैशाखदेखि नै सर्वसाधारणका लागि सेवा बन्द गरेको छ । कोरोनाको जोखिम बढेसङ्गै पालुङ प्रहरीले बाटोमा हिड्ने सर्वसाधारणलाई समेत मास्क अनिवार्य लगाउन आग्रह गरेको छ ।

जोखिम बढेसङ्गै बजारमा चहलपहल कम हुँदै गएको छ । थाहा नगरपालिकाले व्यवस्था गरेको क्वारेन्टाइन र आइसोलेशन चाहिँ १७ वैशाखसम्म खाली नै छ। पछिल्लो समय संक्रमणको दर बढेपछि आफ्ना सदस्य व्यवसायीहरूलाई सुरक्षित भएर व्यवसाय गर्न थाहानगर उद्योग वाणिज्य संघले आव्हान गरेको छ ।

संघले कोरोना संक्रमित भएमा तत्कालका लागि व्यवसाय बन्द गरि सुरक्षित भएर बस्न पनि आव्हान गरेको छ। संघले आफ्ना सदस्यहरूलाई अनिवार्य रूपमा मूल्य सुचि राखी आयात तथा निर्यात गर्न सुचित गरेको छ ।

### लघुवित्त बैठक नगर्न निर्देशन

## औषधि पसलेलाई सचेत गर्दै

विकास संवाददाता
थाहा नगर

पछिल्लो समय थाहानगरमा कोरोनाको जोखिम बढ्दै गएपछि नगर पालिकाले कडाइ गर्ने भएको छ । १८ वैशाखमा नगरपलिकामा बसेको सर्वपक्षिय बैठकमा थाहानगरमा कोरोनाको जोखिम न्यूनिकरणका उपायहरूमा छलफल भएको छ । बैठकले तत्कालका लागि समूह संचालन गरिरहेका वित्तीय संस्थाहरूलाई समुहको बैठक नगर्न निर्देशन दिने निर्णय गरेको छ । यसैगरी, बिरामी सुरूमा स्थानीय औषधि पसलहरूमा पुग्ने हुँदा कोरोनाको लक्षण देखिएका बिरामीहरूको विवरण स्वास्थ्य कार्यालयमा दिन निर्देशन दिइने भएको छ । कोरोना जोखिमको न्यूनिकरणमा औषधि व्यवसायीहरूको समेत महत्वपुर्ण भूमिका हुने हुँदा १९ वैशाखका लागि बैठक बोलाइएको थाहानगरका सूचना अधिकारी सुरजकुमार भुजेलले जानकारी दिए । बैठकले राजनीतिक दलहरूले यो संकटको अवस्थामा आफ्ना तल्लो तहसम्मका कार्यकर्ताहरूलाई सचेतना फैलाउन सहयोग पुर्याउन आग्रह गरेको छ । यसैगरी मास्क नलगाई हिड्नेहरूलाई नेपाल प्रहरीले जरिवाना लगाउन थालिसकेको हुँदा सोको न्यूनिकरणका लागि पालुङ जेसीजलाई प्रचारात्मक भूमिकामा सहयोग गर्न आग्रह गरेको छ । यसैगरी, बजार क्षेत्रमा अनावश्यक भीडभाड नगर्न र गरिएको पाए नगर पालिका वा प्रहरीमा खबर गर्न आग्रह गरेको छ। नगरपालिकाले नियमित बजार अनुगमन गरि संकटको बेला कालोबजारी गर्ने, बजारमा कृतिम अभाव सिर्जना गर्ने तथा म्याद गुज्रेको सामान विक्री गर्नेलाई प्रचलित ऐन बमोजिम कार्बाही गर्ने निर्णय समेत गरेको छ ।

## स्थानीय तहमा निषेधाज्ञा लागु

विकास संवाददाता
थाहा नगर

मकवानपुरमा आइतबार मध्यरातिबाट निषेधाज्ञा लागू हुने भएको छ । जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठकले मकवानपुरमा १९ वैशाख राति १२ बजेदेखि वैशाख ३१ गतेसम्म निषेधाज्ञा लगाउने निर्णय गरेको हो ।

जिल्ला प्रशासन कार्यालय हेटौँडाका अनुसार हेटौडा उपमहानगर पालिका, थाहा नगरपालिका, मनहरी र भीमफेदी गाउँपालिकासहित पूर्व-पश्चिम राजमार्ग क्षेत्रमा निषेधाज्ञा लागू हुने छ ।

यी क्षेत्रमा अत्यावश्यक बाहेकका काममा घरबाहिर निस्कन पाइने छैन भने अत्यावश्यक उपभोग्य वस्तु बिहान ५ बजेदेखि ९ बजेसम्म खरिद बिक्री गर्न पाइनेछ ।

**व्यक्तिगत घटना दर्ता सम्बन्धी जरूरी सूचना !**

**जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।**

**थाहा नगरपालिका**
नगर कार्यापालिकाको कार्यालय
*इन्द्रायणीचौर, मकवानपुर*

**नेपाल सरकारको सूचना !**

'स्वास्थ्य नै ठूलो धन हो'
'कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं,
अत्यावश्कीय सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं ।'

- अनिवार्य रुपमा मास्क लगाऔं, सेवाग्राहीलाई अनिवार्य रुपमा मास्क लगाउन सु-सुचीत गरौं ।
- सेवा प्रवाहमा भौतिक दुरी कायम गरौं ।
- साबुन पानीले मिचिमिचि हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं ।
- कुनै पनि स्वास्थ्य समस्या भएमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

**नेपाल सरकार**
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

विकास खबरपत्रिका साप्ताहिक
२०७८ वैशाख २० गते सोमबार, 03 May. 2021, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



# • सम्पादकीय •

## यो महामारीमा बचौं र बचाऊँ

कारोना संक्रमण दर ह्वात्तै उच्च भएसँगै सरकारले राजधानी काठमाडौंमा बिहीबार बिहानदेखि निषेधाज्ञा जारी गर्ने भएको छ। कोरोना संक्रमणका कारण घन्टैपिच्छे मृत्यु हुन थालेपछि सरकारले रोकथामको विकल्प रोजेको हो। छिमेकी भारतसँगै नेपालमा पनि महामारीले पुनः आक्रान्त पार्न थालेको छ। गतवर्ष चैत ११ गतेदेखि निषेधाज्ञा (लकडाउन) सुरु गरिएको थियो। क्रमशः सहज हुन थालेपछि खोलिएको निषेधाज्ञा दोस्रो चरणको कोरोना संक्रमणको व्यापकतासँगै बिहीबारदेखि पुनः सुरु गर्न लागिएको हो।

सावधानी अपनाउने र प्रतिबन्धात्मक उपायहरू अपनाउनेजस्ता कामले माघ–फागुनदेखि जनजीवन सामान्यमा फर्किएको थियो। पछिल्लो एक सातामा संक्रमण र मृत्यु दरको आँकडाले भने मुलुकभर एकाएक नयाँ र चुनौतीपूर्ण परिस्थिति जन्माएको छ।संक्रमणबाट जोगिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लागू गरेको मापदण्ड अपनाउनुको विकल्प पनि छैन। मुलुकका ९ जिल्ला हटस्पट मानिएका छन्। बाँकेमा सोमबारदेखि लागू हुने गरी निषेधाज्ञा जारी गरेको छ। कोभिड १९ संकट व्यवस्थापन केन्द्रले कोरोना संक्रमण दर उच्च रहेका हटस्पटमा निषेधाज्ञा जारी गर्न सिफारिस गरेपछि काठमाडौंमा पनि लागू हुने भएको हो। वीरगन्ज पनि हटस्पट बन्दैछ। जहाँ एउटै बेडमा तीन संक्रमितको उपचार गर्नुपर्ने बाध्यता देखिएको छ। अक्सिजन नहुँदा उपचार प्रभावित भएको छ। चिकित्सकले निषेधाज्ञा जारी गर्न ढिलो भएको बताउन थालेका छन्। यस्तो अवस्था ढिलोचाँडो सबैतिर आउने देखिएको छ। कोरोना भाइरसको दोस्रो लहर सुरु भएसँगै यो सातादेखि मुलुकभरका दर्जनौं अस्पतालमा बिरामीले बेड पाउन छोडेका छन्।

गम्भीर प्रकृतिका संक्रमितलाई आईसीयू वा भ्यान्टिलेटरमा राख्नुपर्छ तर त्यो स्वास्थ्य सुविधा सबैले पाएका छैनन्। मन्त्रालयको तथ्यांक हेर्ने हो भने मुलुकभर दुई सय ५२ जनाको उपचार आईसीयूमा र ६५ जनाको भ्यान्टिलेटर मा भइरहेको छ। हटस्पट मानिएका नेपालगञ्ज लगायतका ठाउँमा बिरामी बेड नपाएर छटपटाउन थालेका छन्। काठमाडौं उपत्यकामै पनि बेड, आईसीयू र भ्यान्टिलेटर नपाउने अवस्था सिर्जना हुन थालेको छ। सुरक्षाकर्मी र कर्मचारीले चाप थेग्न र व्यवस्थित गर्न नसकेपछि संक्रमण बढेको र उक्त चापले अस्पताल भरिभराउ हुन पुगेका छन्। काठमाडौंमै दैनिक दुई हजार संक्रमित पुग्न थालेका छन्। मुलुकभर झन्डै २५ सय सक्रिय संक्रमित छन्। ज्यान गुमाउनेको संख्या तीन हजार एक सय ७६ पुगिसकेको छ। सातामै २४ घण्टाभित्र २८ जनाले ज्यान गुमाइसकेका छन्। यस्तो भयावह अवस्थामा पनि सडक, चोक र किनमेल आदिमा नागरिक सजग भएको पाइँदैन। न पूर्ण रूपमा स्वास्थ्य मापदण्ड अपनाएका छन् न अरूलाई जोगिने गरीको व्यवहार गरेका छन्।

सरकारले निषेधाज्ञा जारी गर्नु एउटा सन्दर्भ होला, यस्तो उच्च संक्रमणका बेला, अस्पताल भरिभराउ भएका बेला, उपचारका लागि बेड, आईसीयू र भ्यान्टिलेटर नपाइरहेका समयमा नागरिक स्वतस्फूर्त रूपमा नियन्त्रित हुनुपर्ने होइन र ? ज्यान जोखिम हुने बुझेपछि पनि किन उस्तै लापर्वाही ? हरेक नागरिकले वर्तमान परिस्थितिको विश्व परिवेश र मुलुक अनि स्थानीय परिवेश विचार गरी सतर्कता अपनाए मात्र कोरोना रोकथाम सम्भव छ । अन्यथा समस्या ज्यूँका त्यूँ मात्र होइन, दिन दुई गुणा रात चार गुणा वृद्धि हुनेमा दुई मत छैन। त्यसैले सर्वप्रथम आफू जोगिऔं र सँगसँगै अरूलाई पनि जोगाऔं।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

## बजेटमार्फत रूपान्तरण

# सम्भव तुल्याउने १० सूत्र



कृष्णहरि बाँस्कोटा

जति ठूलो महामारी वा विपत्ति भएपनि नेपालको संविधान अनुसार जेठ १५ गते मुलुकको बजेट जारी हुनैपर्छ । त्यसपछि असार १ गते प्रदेश सरकार हरूको बजेट जारी हुन्छ भने असार १० गतेभित्र स्थानीय सरकारले पनि आफ्नो वार्षिक बजेट जारी गर्नुपर्छ । आगामी आर्थिक वर्ष २०७८/७९को बजेटका लागि संघीय सरकारका अर्थमन्त्री विष्णु पौडेललाई विभिन्न क्षेत्रबाट रचनात्मक सुझावहरू प्राप्त भैरहेका छन् । हरेक बजेटअघि सुझाव लिनु र दिनु औपचारिकता जस्तै भएको छ ।

तर, बजेटको पुरानै ढर्रा र बजेट आएपछि उही आलोचना चलिरहन्छ । तर, अब त्यस्तो हुनुहुँदैन। किनभने समयको माग पूरै फेरिएको छ । यथार्थमा, बजेट केबल सरकारको आम्दानी र खर्चको दस्तावेज मात्रै नभएर यसले सामाजिक रूपान्तरणको ढोका पनि खोल्नसक्छ ।

**मदिरा मुक्त नेपाल**

नेपाली अचाक्ली बिग्रने प्रमुख कारणमध्ये रक्सी धोक्ने बानी पनि एक हो । समाजमा देखिएको विकृति–विसंगति र फजुल खर्च सबैको जड पनि रक्सी नै हो । मुलुकमा हुने ७० देखि ८० प्रतिशत अपराधमा रक्सीको भूमिका देखिएका कारण पनि यसको नियन्त्रण जरूरी छ । बजेटबाटै मदिरामुक्त नेपाल घोषणा गरौँ । केही मानिसले यसलाई भ्रमित पार्न प्रचार गर्न सक्दछन्रू, मदिराबाट ठूलो राजश्व आउँछ। यो सत्य होइन। यसको राजश्व वार्षिक ५० अर्ब रूपैयाँ हाराहारीमा होला, तर यसबाट हुने क्षति १० गुणा बढी छ । करिब ११/१२ खर्बको राजश्वमा करिब ५० अर्ब रूपैयाँको ठूलो भूमिका नरहने कुरा बुझ्न ढिला गर्नुहुँदैन ।

**हलो मुक्त नेपाल**

नेपाललाई हलो मुक्त गर्नुपर्छ। नेपाली सधैँ परम्परागत हली हुनु हुँदैन । यसमा स्तरोन्नति गर्नुपर्छ। यसका लागि कृषिमा यान्त्रीकरणको अभियान चलाउनुपर्छ । मिनी ट्याक्टर, जिरो ट्रिलर, हार्भेष्टर, रिपर लगायतको व्यापक प्रयोग गर्नुपर्छ। टनेलमा बेमौसमी खेती गर्नुपर्छ । यस्ता हरियो तरकारी गर्दा खेतीमा रासायनिक मलको सट्टा प्रांगारिक मल प्रयोग गर्नुपर्छ। रासायनिक विषादीको सट्टा जैविक विषादी प्रयोग गर्नुपर्छ । तराईमा माछा पालनका लागि व्यवसायिक पोखरी निर्माण जोड दिनुपर्छ भने पहाडी क्षेत्रका चिसो पानीमा ट्राउट माछा उत्पादन गर्नुपर्छ। सरकारी स्वामित्वमा रहेका कृषि फर्म, बागवानी फर्म र पशु फर्म किसानलाई हस्तान्तरण गर्नुपर्छ । करिब २७ लाख बेरोजगार युवालाई रोजगारी दिने क्षेत्र यही हो। यसर्थ, कृषिको रूपान्तरणबाटै सामाजिक रूपान्तरण संभव छ भन्ने आत्मसात् गर्न जरूरी छ ।

**कोसेली घर खोल्ने**

प्रत्येक स्थानीय सरकारले कम्तिमा एउटा कोसेली घर सञ्चालनमा ल्याउनुपर्छ। यसमा आम नगरवासी वा गाउँवासीले आफ्नो घरमा वा बारीमा जे उत्पादन हुन्छ : सो वस्तु कोसेली घरमा बिक्रीमा राख्न पाउने प्रबन्ध हुनुपर्छ ।

घरेलु उद्योगका रूपमा उत्पादन हुने अचार, पापड, चाउचाउ, डालो, चामल, तरकारी, कुखुरा लगायत सबैको एकद्वार बिक्री केन्द्र कोसेली घर हुनुपर्छ । यसबाट आत्मनिर्भरता र राष्ट्रियताको जगेर्ना हुनेछ । यथार्थमा नेपाली किसानका उत्पादन बारीमै कुहिने, तर विदेशी उत्पादन नेपालीको भान्छामा पुग्ने अवस्थालाई तोड्नै पर्छ ।

> **'नागरिकले परिश्रम गर्न, आफ्नै खुट्टामा उभिन, बचत गर्न, लगानी गर्न र उत्पादन बढाउन अग्रसरता देखाउनुपर्छ ।'**

**फजुल खर्च नियन्त्रण**

फजुल खर्च नियन्त्रण भनेको सरकारी भोजभतेर बन्द गर्ने र सरकारी विदेश भ्रमण रोक्ने भन्ने मात्रै बुझिएको छ । कुनै पनि नागरिकले न्वारान गर्दा, विवाह, ब्रतबन्धको समारोह आयोजना गर्दा आफ्ना थरका गुठियार र नाता सम्बन्धका पाहुना बाहेकलाई आमन्त्रण गर्न नपाउने कानूनी व्यवस्था गर्नुपर्छ । समाजमा फजुल खर्ची होउन्जेल मुलुकको समृद्धि सम्भव छैन। नागरिकले परिश्रम गर्न, आफ्नै खुट्टामा उभिन, बचत गर्न, लगानी गर्न र उत्पादन बढाउन अग्रसरता देखाउनुपर्छ । न कि ऋण काढेर, घुस खाएर, पाकेट मारेर, लुटेर भोज भतेरमा 'शान' देखाउन मिल्दैन । यसर्थ, सामाजिक फजुल खर्चलाई अभियान कै रूपमा पूर्णतः निषेध गर्नुपर्छ। यही सामाजिक कुप्रथा बिरूद्ध धावा बोल्न नसक्दा हामी पछाडि परेका छौं ।

**पैत्रिक सम्पत्तिमा निषेध**

प्रत्येक युवा आफ्नो खुट्टामा उभिनुपर्दछ। बाबु, बाजे र बराजुको सम्पत्तिले समृद्धि हुने होइन । युवालाई आफ्नै कमाइमा गर्व गर्न सिकाउनुपर्छ। यसका लागि पैत्रिक सम्पत्ति स्वतः छोरा छोरीमा अपुतालीका रूपमा जाने प्रणालीलाई कानूनद्वारा निषेध गर्नुपर्छ ।

प्रत्येक आमा–बुवाले आफ्नो सन्तानलाई कम्तिमा १८–२० वर्षसम्म पाल्ने, हुर्काउने र कमाइको लागि योग्य बनाउँछन् । छोराछोरीले कमाउन थालेपछि बाबु–आमालाई बिर्सिन्छन् । यो सरासर 'सामाजिक अन्याय' हो । यसर्थ, तत्कालै कानून बनाएर आर्थिक सहयोगको आवश्यकता महसुस गर्ने प्रत्येक आमा–बाबुलाई छोराछोरीको मासिक आम्दानीको १० देखि २५ प्रतिशत रकम प्रत्येक महिना तलबसरी दिनुपर्ने कानूनी व्यवस्था गर्नुपर्छ ।

**शिक्षा, स्वास्थ्यमा व्यापार निषेध**

नेपालको वर्तमान संविधानले आधारभूत स्वास्थ्य सेवा र शिक्षा पाउने नागरिकको हक हो भनेको छ। संविधानमा आधारभूत शिक्षा र स्वास्थ्य सेवा अनिवार्य र निःशुल्क हुने भनिएको छ । यसर्थ, निजी क्षेत्रका स्वास्थ्य निकाय र शिक्षा क्षेत्रका स्कूल र कलेजलाई क्षतिपूर्ति दिएर सरकारी नियन्त्रणमा लिनुपर्छ वा ट्रष्टमा रूपान्तरित गर्ने लगायत विभिन्न विकल्पमा जान सकिन्छ। जरो कुरा भनेको शिक्षा र स्वास्थ्यको व्यापार निषेध गर्ने नै हो । यसबाट नेपालीहरू भविष्यप्रति निश्चिन्त हुनेछन् ।

**जमिनको उपयोग र जोनिङ प्रणाली**

जग्गाको वर्गीकरणमा साविकको अब्बल, दोयम, सीम, चाहारको सट्टा कृषि भूमि, बस्ती योग्य भूमि, औद्योगिक भूमि, शहरी भूमि, वन क्षेत्रको भूमि, सार्वजनिक जमिन भनी जमिनलाई प्रयोजनका आधारमा वर्गीकरण गरिएपनि सोही अनुरूप कार्यान्वयन गर्न सकिएको छैन । तराईका उर्वर भूमि, पहाडका केही टार र हिमालका केही समथर भाग कृषि उब्जनीका लागि अनुपम उपहार भएपनि त्यस्ता जमिन घडेरीका नाममा बाँझो बन्न पुगेका छन् । यसर्थ, तोकिएको मानव वस्तीमा मात्र सरकारले पिउने पानी, विद्युत, टेलिफोन सेवा, स्कूल, अस्पताल, फोहोर व्यवस्थापन लगायत सबै सुविधा प्रदान गर्नुपर्छ। कृषि भूमिमा सिँचाइ, मलखाद, बीउबीजन पुऱ्याउनुपर्छ। औद्योगिक भूमिमा उद्योगलाई आवश्यक पर्ने पूर्वाधार तयार गर्ने गरी जमिनको जोनिङ गर्नुपर्छ । शिक्षामा जोनिङ प्रणाली लागू गरी विद्यार्थीहरूलाई आफनो टोलको स्कूलमा नगई अर्को टोलको स्कूलमा जान निषेध गर्नुपर्छ। स्वास्थ्य सेवामा पनि यही जोनिङ प्रणाली लागू गरी जुन क्षेत्रको मानिस बिरामी पर्छन्–सोही क्षेत्रको अस्पतालमा मात्रै उपचार पाउने प्रबन्ध गर्नुपर्छ । यसबाट नेपालमा सामाजिक रूपान्तरण हुनेछ ।

**सबैलाई एक वर्षे जागिर दिने**

नेपालमा युवाहरूलाई राज्य प्रणाली बारे जानकारी दिने कुनै विधि र प्रक्रिया नै छैन । कयौं देशमा युवाहरूलाई एक वा दुई वर्षे, एक प्रकारको सैनिक तालिम दिइन्छ। यसर्थ, नेपालमा बीए र एमए पास गर्नुपूर्व अनिवार्य रूपमा एकवर्षे सरकारी जागिर दिनुपर्छ। उच्च शिक्षाका लागि वर्षेनी बाहिरिने ७० हजार युवालाई रोक्ने विधि यो पनि हो ।

**सामाजिक सुरक्षा भत्ता**

सबै प्रकारका सामाजिक सुरक्षा भत्तालाई एकीकरण गरौँ। एउटा नागरिकले दोहोरो सुविधा पाउने व्यवस्था हटाऔँ । योगदानमा आधारित पेन्सन सबैलाई दिरूऔँ। यसका लागि योगदान गरेको रकममा रोजगारी दिने निकाय र संस्थाले पनि समान रकम खातामा राखी दिऔँ । बेरोजगार भत्ता पनि यसैबाट संचालन गरौँ। विशेष कानूनसहित अधिकार सम्पन्न प्राधिकरण खडा गरौँ । यसबाट राज्य प्रणालीबाट जुनसुकै नागरिकले जीवनभर के के बापत कत्ति भत्ता लिएको छ भन्ने लकबूक तयार हुनेछ । यसबाट नागरिक र राज्य प्रणालीबीच निकटताको विकास हुनेछ ।

**बैशाख १ गतेबाट आर्थिक वर्ष आरम्भ**

वार्षिक बजेट वैशाख १ गते देखि चैत्र मसान्तसम्मको लागि घोषणा गरौँ । यसका लागि आगामी आर्थिक वर्षको बजेट २०७६ साउनदेखि चैत्र मसान्तको लागि अर्थात् ९ महिनाको लागि जारी गरौँ । यसले एउटा इतिहास रच्नेछ । जस्ले, सामाजिक रूपान्तरणलाई मद्दत गर्नेछ ।

*–थाहाखबरबाट*

# होम आइसोलेसनमा बस्दा यी उपाय अपनाऔं



१. थर्ममिटरबाट तापक्रम नापिरहनुहोला । ९८ - ९९ फरेनहाइटसम्म व्यक्ति अनुसार नर्मल तापक्रम हो । १०० पुग्यो भने पारासिटामोल खानुहोला। शरीर दुखेमा र टाउको दुखेमा पनि पारासिटामोल खान सकिन्छ ।

२. पल्स अक्सिमिटरबाट अक्सिजनको स्तर नापिरहनुहोला । यदि ९४ भन्दा तल गयो भने घोप्टो परेर सुत्नुहोला । यसलाई प्रोन पोजिसन भनिन्छ। पेटमा २ वटा सिरानी, टाउकोमा एउटा सिरानी र खुट्टाको गोलिगाँठानेर एउटा सिरानी राखेर पेटको बलमा सुत्नुहोला । यसले फोक्सोको क्षमता बढाउछ । यसलाई प्राकृतिक भेन्टिलेटर पनि भनिन्छ ।

३. भिटामिन सी २ पटक, जिंक २ पटक, भिटामिन डी हप्ताको १ पटक खानुहोला। आबश्यकता अनुसार पारासिटामोल, कफ सिरप र ट्याब्लेट खान सकिन्छ ।

४. अक्सिजनको मात्रा ९४ भन्दा कम भएमा, ज्वरो आइरहेमा वा खोकी लागिरहेमा, सास फेर्न गाह्रो भएमा वा अन्य गाह्रो भएमा घरमा नबस्नुहोला । यो नयाँ भेरिएन्टले अचानक कोभिड निमोनिया गराउँछ । तसर्थ नजिकको कोभिड अस्पतालमा गएर चिकित्सकसंग जांच गराउनुहोला । छातीको एक्स रे वा सिटि स्क्यान गरेर फोक्सोको अवस्था अनुसार चिकित्सकको सिफारिसमा औषधि (एन्टिभाइरल र एन्टिबायोटिक ) खानुपर्ने हुन्छ। कोभिड निमोनिया भएमा अस्पताल भर्ना हुनुपर्छ ।

५. जांच नगरी घरमा अक्सिजन दिएर नबस्नुहोला। अक्सिजनले रोग निको गर्दैन। चिकित्सकको सिफारिस अनुसारको औषधिले मात्र निमोनिया वा अन्य अवस्था ठिक हुन्छ । अक्सिजन उपचार हैन । धेरै व्यक्तिले घरमै अक्सिजन दिएर फोक्सो ड्यामेज भएको अवस्था पनि छ ।

६. एक रातमै अवस्था क्रिटिकल हुनसक्छ । तसर्थ गाह्रो भएमा भोलि अस्पताल जान्छु नभन्नुहोला। अस्पताल प्याक भएपनि त्यहाँ तपाइंले कुनै न कुनै उपचार पाउनुहुन्छ ।

७. अप्रमाणित औषधि सेवन गरेर वा अन्य संक्रमितलाई निको भएको औषधि खाएर समय एबम स्वास्थ्य नष्ट नगर्नुहोला । प्रतिरोध क्षमता रातारात वृद्धि हुँदैन। यो लामो प्रक्रियाबाट मात्र वृद्धि हुन्छ ।

८. मरिच, बेसार,अदुवा, ज्वानो, दालचिनी, तुलसी, गुर्जो, जेठिमधु, पिपला, कागतीको रस राखेको चिया पटकपटक खानुहोला ।

९. घरमा एकजना संक्रमित भएमा सबैको परीक्षण गराउनुहोला । यसपटकको प्रजाति निकै संक्रामक छ ।

१०. घरको खानाको अतिरिक्त फलफूल, दुध, गेडागुडी, अण्डा, सुप आदि प्रशस्त खानुहोला ।

११. पानीको बाफ लिंदा आराम हुन्छ ।

१२. रक्सी, चुरोट तथा धेरै गुलियो पदार्थ र कोल्ड ड्रिंक्स सेवन नगर्नुहोला ।

१३. हल्का ब्यायाम, पर्याप्त निद्रा तथा बिहान घाम ताप्ने गर्नुहोला ।

१४. आफ्नो मानसिक अवस्थालाई सुदृढ एबम सबल राखुहोला । नआत्तिनुहोला ।

१५. दिनमा १ र २ पटक मात्र समाचार हेर्नुहोला । सामाजिक संजाल नहेर्नुहोला । अनधिकृत समाचार ले तनाव बढाउँछ।

१६. गाह्रो भएमा १०२ नम्बर मा फोन गरेर एम्बुलेन्स मगाउनुहोला ।

# दाँत खिइने समस्या र उपचार

मुखमा सात सय किसिमका व्याक्टेरिया हुने गर्छ, जसको संख्या करौडोको हाराहारीमा हुने गर्छ । यही व्याक्टेरियाले दाँत तथा मुखको समस्याबाट बचाँउने गर्छ । यदी मुख, दात तथा जिब्रोको सफाई सही तरीकाले नभएको अवस्थामा उक्त व्याक्टेरियाले दात तथा गिजालाई हानी पुऱ्याउने गर्दछ ।

विशेषगरी, पायरिया भएमा त्यसले दातलाई सर्पोट गर्ने गिजाको हड्डीमा समस्या उत्पन्न हुने गर्छ । पाइरिया भएमा दाँतको गिजा पहेलो तथा खराब हुन थाल्छ र त्यसबाट खुन निस्कन थाल्छ ।

त्यसबाहेक, कलेजोको खराबीका कारण पनि रगतमा लम्लियपन बढ्न थाल्छ । दुषित रक्त अम्लियपनाका कारण दात पायरियाबा टप्रभावित हुने गर्छ । त्यस्तै, पान, सुपारी लगायतका सुर्तीजन्य पदार्थका कारण पनि पायरिया हुन गर्छ । सामान्यतथा पायरिया कैल्सियमको कमी, गिजाको खराबी तथा दात तथा मुखको खराबीका कारण हुने गर्छ ।

**पायरियाका लक्षण**

पायरिया भएमा सासबाट दुर्गन्ध आउन थाल्छ । गिजा सुनिन थाल्छ । दात कजोर भई हल्लिन थाल्छ । बढी तातो तथा चिसो पेय पदार्थको सेवनले दात सिरिङ्ग हुन थाल्छ । छुँदा समेत गिजा सुनिन थाल्छ । साथै दुई दाँतको बीच ग्याप र हन थाल्छ ।

**पायरियाबाट बच्ने उपाय**

खाना पछि दैनिक दुई पटक ब्रस गर्न जरूरी छ । ब्रस गर्दा दाँतको राम्ररी सफाई गर्नु पर्छ । दाँत सफा गर्दा नरम ब्रसको प्रयोग गरौ । राती सुत्नु अगावै दातको राम्ररी सफाई गर्नु पर्छ । हरेक पटक खाना खाएपछि राम्ररी मुख कुला गर्नुपर्छ । अन्यथा समयमै उपचार नगरेको खण्डमा पायरिका कारण दाँत तथा गिजामा संक्रमण भई दाँत झर्न थाल्छ । दाँत सफा, बलियो राख्नका लागि नियमित ब्रस गर्ने, जाँच गर्ने गर्नुपर्छ । खाना खाएपछि मुख कुल्ला गर्नुपर्छ ।

**१. दाँत स्वस्थ राख्नुहोस्**

राम्रो चम्किलो र स्वस्थ दाँत हाम्रो अनुहारको सुन्दरतामा थप निखार ल्याउन मद्दत गर्छ । तर दाँतको सहि तरिकाले हेरचाह नगर्दा दाँतमा विभिन्न प्रकारको रोग लाग्न सक्छ । पहैंलो दाँत हुनु, साँस गन्हाउनु, गिँजाको समस्या, क्याभिटि, पाइरिया, पेरियोडाइटिस, जिंजिवाइटिस आदि बिरामी हुन सक्छ ।

**२. दिनमा दुइपटक ब्रश गर्नुहोस्**

दाँतलाई सुरक्षित राख्नको लागि नियमित रूपमा सरसफाइ गर्नुपर्छ । खाना खाइसकेपछी दिनमा दुइपटक ब्रश गर्नुपर्छ । टुथब्रश सानो खालको प्रयोग गर्नुपर्छ । ताकि दाँतको कुना कुनामा सजिलैसँग पुगोस् ।

**३. सफ्ट ड्रिंग्सबाट बच्नुहोस्**

विभिन्न प्रकारको स ̂ट ड्रिंकको प्रयोगले पनि दाँतलाई हानि पुऱ्याउन सक्छ । त्यसैले यस्ता प्रकार को पेयपर्दाथबाट टाढै बस्नुपर्छ । किनकि यस्ता ड्रिंग्समा अम्लिय पर्दाथ हुन्छ ,जसले दाँतको इनामेलमा भएको खनिजलाई घुलाइदिन्छ र दाँत कमजोर हुन थाल्छ ।

**४. गुलियो खानेकुरा बाट बच्नुहोस्**

गुलियो खानेकुरा दाँतलाई मात्र नभई स्वास्थ्यको लागि पनि हानिकारक हुन्छ । त्यसैले यसको सेवन कम गर्नुपर्छ । दाँतको माथिल्लो तहमा भएको जीवाणुले गुलियोलाई अम्लमा परिर्वतन गरिदिन्छ त्यसैले गुलियो भएको खानेकुराको प्रयोग सिमित मात्रामा गर्नुपर्छ ।

**५. फलफुलको सेवन गर्नुहोस्**

फलफूलको सेवनले हाम्रो शरिरमा ऊर्जा मिल्छ । रोग लाग्न बाट बच्न सकिन्छ । कुनै फल यस्तो पनि हुन्छ जसको सेवनले दाँतलाई क्याभिटि बाट बचाउँन सकिन्छ । स्याउ, गाजर आदिको नियमित सेवनले दाँतलाई फाइदा हुन्छ ।

**६. पर्याप्त पानी पिउनुहोस्**

पानीले हाम्रो शरिरमा भएको बिषाक्त पदार्थ बाहिर निकाल्न सहयोग गर्छ । साथै हाम्रो पाचन प्रक्रिया राम्रो बनाउँछ । यसको साथै दाँतलाई सेतो र चमकदार बनाइ राख्न पनि सहयोग गर्छ । त्यसैले दिनमा ८ देखि १० गिलास पानी पिउनु पर्छ ।

**७. दाँतले अरू काम नगर्नुहोस्**

यदि दाँतले बोतलको बिर्को खोल्ने , सुपारि फुटाउने , जस्ता काम गर्नुहुदैन् । यस्ता काम गर्दा दाँतको क्याप निस्किने या टुट्ने हुन सक्छ ।

**८. नियमित जाँच गराउनुहोस्**

दाँतमा कुनै समस्या नआए पनि नियमित रूपमा चेकअप गर्नपर्छ । यदि कुनै समस्या जस्तै(दाँत दुख्ने ,गीजाबाट रगत आउने आदि भएमा दाँतको चिकित्सकलाई देखाउनुपर्छ । समस्या नभए पनि ६-६ महिनामा जाँच गराउनुपर्छ ।

# दयाहाङ राईका चार रोचक कुरा

दयाहाङ राई, नाम नै काफी छ । एउटा यस्तो पनि बेला थियो, जुन बखत दयाहाङ राईको नामले मात्र पनि दर्शकलाई हलसम्म डोहोऱ्याउँथ्यो । निसन्देहः रंगमञ्चको धरातलबाट आएका उनी नेपाली सिनेमाका उम्दा अभिनेता हुन् ।



चिम्सा आँखा, बटुलो अनुहार , खस्रो छाला, मझौला ज्यान अर्थात मंगोल वर्णका दयाहाङ भोजपुरको खावा गाउँमा जन्मिएका हुन्, २०३७ सालमा । भर्खरै मात्र उनले आ ̂नो जन्मदिन मनाएका छन् । उनै दयाहाङको जन्मदिनको मेसोमा यहाँ उनका केही रोचक कुराहरू प्रस्तुत गरिएको छ ।

**विदेश जान भनी घर छाडे**

कलकलाउँदो उमेरसम्म दयाहाङ गाउँमै बसे । गाईबस्तु स्यहारे । खेतीपाती र गोठालो गर्दै किशोर उमेर गुजारे । गाउँकै विद्यालयबाट एसएलसी सकाएर भोजपुर बहुमुखी क्याम्पसमा भर्ना भए । त्यहाँ आइएसम्म पढेपछि उनी काठमाडौं जान चाहन्थे । किनभने उनलाई कला-मनोरञ्जनमा औधि चाख थियो । अन्ततः घर परिवारका सदस्यलाई उनले भने, 'म अब विदेश जान्छु ।' परिवारको मञ्जुरीपछि उनले बाटो तताए । वास्तवमा दयाहाङ बिदेश जान होइन, काठमाडौंमै 'केही गर्न' चाहन्थे । काठमाडौं आएपछि नाटक खेल्ने, लेख्ने कर्ममा लागे ।

**लक्का जवान हुँदासम्म गाडी देखेकै थिएनन्**

ग्रामिण भेग एवं दूरदराजलाई अझैपनि सडक सञ्जालले जोडिसकेको छैन । यस्ता थुप्रै ठाउँ छन्, जहाँ गाडीको अनुहार नै देख्न पाइदैन । दयाहाङ राईको हकमा पनि यस्तै भएको रहेछ । एकपटक दयाहाङले रमाइलो प्रसंग उप्काएका छन् । उनका अनुसार १७ बर्षको उमेरसम्म गाडी देख्नै पाएका थिएनन् । गाउँमै बसेको र किशोर उमेरसम्म पनि गाउँ छाडेर अन्यत्र कतै नगएकाले उनले गाडी देख्न पाएनन् । दयाहाङले भनेका छन्, '१८ बर्षको उमेरसम्म गाउँमै बसें । कलेज पनि गाडीको बाटो नभएको ठाउँमा पढें । १७ बर्षको उमेरसम्म गाडी चढ्न त के, देख्न पनि पाइन ।'

**लाहुर जाने लहड**

पहाडमा खासगरी किरात समुदायमा लाहुरेको रवाफ लोभलाग्दो छ । अक्सर युवाहरू लाहुर जाने सपना पाल्छन् । यसबाट कसरी अपवाद हुन्थे दयाहाङ राई । उनले एक अर्न्तवार्तामा भनेका छन्, 'मलाई आर्मी असाध्यै मन पर्ने । लाहुरे बन्न मन लाग्थ्यो । तर, लाहुरे बन्न कठिन शारीरिक छनौट प्रक्रिया पुरा गर्नुपर्ने हुन्छ । त्यस्तो कुरामा भने म कमजोर थिएँ । त्यही कारण लाहुरे बन्ने बाटो छाडिदिएँ ।'

**संघर्षका दिनमा श्रीमती अगाडि**

जतिबेला बेनुका राईसँग दयाहाङको भेट भयो, त्यसबेला उनीहरूको स्थिती ठीक उल्टो थियो । त्यसताका बेनुकाले गायनबाट आफ्नो चिनारी बनाइसकेकी थिइन् । दयाहाङ भने संघर्षरत नै थिए । कतिपय साहित्यिक कार्यक्रममा उनीहरू एकसाथ जान्छे । त्यही क्रम बाक्लिदै गएपछि बेनुका र दयाहाङको प्रेम बस्यो । त्यसताका बेनुका गीत रेकर्डिङ, कर्न्सट आदिमा व्यस्त हुने भएकाले विवाह पछि पनि यसरी नै समय नमिल्ने हो कि भनी उनीहरू कुराकानी गर्थे । तर, विवाहपछि ठीक उल्टो भयो । दयाहाङको सफलताको ग्राफ आकासियो । उनी चर्चित र व्यस्त भए ।

उपभोग्य सामाग्री खरिद गर्दा
उपभोग मिति अनिवार्य हेरौं ।
www.thahatimes.com

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

# मास्क नलगाउने ४९० जनाले तिरे १ सय रुपैँया



◆ विकास संवाददाता

जिल्लामा कोरोना संक्रमण लाई मध्यनजर गर्दै प्रशासनले मास्क नलगाई हिडनेलाई कार्वाही गर्न सुरू गरेको छ। शुरूमा दुई दिन सम्झाई बुझाई गरी मास्क वितरण गरेको प्रशासनले बैशाख १३ गतेदेखी मास्क नलगाइ हिडनेलाई जरीवाना सहित कार्वाही सुरू गरेको हो । यसै क्रममा मकवानपुर प्रहरीले गएको १३ गते देखी १७ गते बेलुका सम्म प्रशासनको आग्रहलाई अवज्ञा गर्दै मास्क नलगाइ हिडने ४ सय ९० जनालाई कावार्ही गरेको मकवानपुर का प्रहरी प्रमुख एसपी सोमेन्द्रसिंह राठौरले बताएका छन ।

"हामीले सुरूका दिनमा मास्क नलगाउनेलाई सम्झाई बुझाई गरी मास्क वितरण समेत गर्यो तर पनि सचेत गराउदा पनि मास्क नलगाई संक्रमण फैलन सक्ने कुरालाई वेवास्ता गर्दै हिडेका ४ सय १५ जना पुरूष र ७५ जना महिला गरी ४९० जनालाई संक्रामक रोग ऐन २०२० अन्तर्गत १०० रूपैंया जरीवाना तिराई कार्वाही गरेका हौं"- एसपी राठौरले भने।उनले यो अभियान जारी रहने समेत बताए ।

यता यस ऐन अनुसार लकडाउन, निषेधाज्ञा उल्लंघन गर्ने व्यक्तिलाई एक सय रूपैयाँ जरिवानादेखि १ महिनासम्म कैद र अधिकृत व्यक्तिहरूलाई काममा बाधा पुर्याउनेलाई ६ महिना कैद, ६ सय रूपैयाँ जरिवा या दुवै हुन सक्ने व्यवस्था रहेको छ ।

# हेटौँडा अस्पतालमा आईसियू र भेन्टिलेटरको शुभारम्भ

◆ विकास संवाददाता

बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले प्रदेश सरकारले कोरोना भाइरस (कोभिड-१९) संक्रमित बिरामीहरूलाई तत्काल उपचार गर्ने आईसियू, भेन्टिलेटर र दक्ष चिकित्सकसहित स्वास्थ्यकर्मीहरू उच्च प्राथमिकताको साथ उपलब्ध गराउँदै आएका बताएका छन् ।

मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा हेटौँडा अस्पतालमा स्थापना गरिएको आईसियू र भेन्टिलेटर कक्षको आज शुभारम्भ गर्दै मुख्यमन्त्री पौडेलले सो कुरा बताएका हुन् ।

मुख्यमन्त्री पौडेलले कोभिड-१९ का बिरामीहरूको उपचार सेवालाई गुणस्तरीय प्रभाबकारी बनाउन अस्पतालका चिकित्सकहरूलाई निर्देशन समेत दिए। प्रतिष्ठानद्वारा हेटौँडा अस्पतालको परि सरभित्र छुट्टै कक्षको व्यवस्थापन गरी आइसियूतर्फ १६ बेर्ड र भेन्टिलेटरतर्फ ६ बेर्डको स्थापना गरिएको हो। मुख्यमन्त्री पौडेलले शुभारम्भ गरेको उक्त आईसियू र भेन्टिलेटर कक्षमा आज दिउँसो १ बजेबाट बिरामीहरू भर्ना गरी उपचार सेवालाई निरन्तरता दिने हेटौँडा अस्पतालले जनाएको छ ।

हेटौँडा अस्पताल कोभिड-१९ का संक्रमण बिरामी उपचार कक्षका चिकित्सक डा. सागर काफ्लेका अनुसार , यसअघि नै हेटौँडा अस्पतालको कक्षमा कोभिड-१९ संक्रमित बिरामीहरूलाई उपचार गर्न १० वटा आइसियू बेर्डको स्थापना गरी ती बिरामीहरूलाई चिकित्सकहरूद्वारा उपचार सेवा प्रदान गरिरहेको छ ।

हेटौँडा अस्पतालको हाताभित्रै कोभिड-१९ का संक्रमित बिरामीहरूको पहिचान गर्न अत्याधुनिक सुविधायुक्त प्रयोगशालाको पनि स्थापना गरी दैनिक ७० देखि १६० जनासम्मको स्वाब संकलन गरी परीक्षण गर्ने गरिएको हेटौँडा अस्पतालका प्रमुख चिकित्सक डा. प्रविण श्रेष्ठले जानकारी दिए ।

त्यस्तै, मुख्यमन्त्री पौडेलले हेटौँडा उपमहानगरपालिका-६ गौरीटार स्थित कोभिड-१९ को संक्रमित बिरामीहरूको लागि राखिने क्यारेन्टाइन कक्षको पनि आजै अनुगमन गरेका छन् । उक्त क्वारेन्टाइन कक्षमा १२० वटा बेर्डको व्यवस्थापन गरिएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

# दुर्लभ "भोटेलहरा" मकवानपुरमा फेला पर्यो

◆ विकास संवाददाता



वनस्पति अनुसन्धान केन्द्र मकवानपुरले 'भोटेलहरा' नामको दुर्लभ वनस्पति फेला पारेको छ। तीन महिना भन्दा बढी समय लगाएर यस वनस्पतिको प्राकृतिक बासस्थान फेला पार्न सफल भएको खोजी कार्यमा जुटेका वनस्पति अनुसन्धान केन्द्र मकवानपुरका प्रमुख रघुराम पराजुलीले बताउनुभयो। दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि (साइटिस) को सूचीमा रहेको भोटेलहरा हाल पाउनै मुस्किल छ । धेरै वर्ष अगाडि मकवानपुरमा भोटेलहरा रहेको अभिलेखमा भेटिएका कारण यसको बासस्थानको खोजीमा लागिएको प्रमुख पराजुलीले जानकारी गराए। 'वनस्पति विभागको अभिलेखमा यो वनस्पति मकवानपुरमा रहेको थाहा पाएर भोटेलहरा खोजी सुरू गरेका थियौ । अहिले प्राकृतिक बासस्थानको खोजी कार्यमा सफलता हात पर्यो । मकवानपुरको कान्ति लोकपथको ठिङ्गन छेत्र आसपासमा यो वनस्पति फेला परेको हो' पराजुलीले बताए ।

भोटेलहरा अन्तरराष्टिय महत्वको वनस्पति हो' यो एन्जिओस्पर्म जस्तै देखिने जिम्नोस्पर्म वर्गको वनस्पति हो। भाले र पोथी अलग अलग फूल हुने र बोट समेत अलग हुन्छ । विरूवाको उत्पति तथा विकासमा यस वनस्पतिको धेरै महत्व रहेको छ । यसका गुणहरू केहि जिम्नोस्पर्म्स र केहि एन्जिस्पर्म्ससकककग मिल्दा देखिन्छन् । औषधीय गुणहरू पनि रहेका छन् । साइटिस अन्तर्गतका तीन अनुसूचीमध्ये भोटेलहरा तीन नम्बरको अनुसूचीमा पर्दछ । जुन, दुर्लभ वनस्पति भनेर चिनिन्छ। यो वनस्पति यस अगाडि तनहुँ र संखुवासभा जिल्लामा फेला परेको बताइएको छ ।

पराजुलीका अनुसार उनले मकवानपुरका सम्भाव्य सबैजसो स्थानहरूमा खोजी कार्य गर्दा समेत भोटेलहरा फेला नपरेपछि यस अगाडि नै फेला परेको तनहुको ढोरवाराही पुगेर नमुना संकलन गरि ल्याएर वृन्दावन वनस्पति उद्यानमा प्रजनन अनुसन्धानमा लागि परेका थिए। उनले आफैले उक्त भोटेलहरा फेला पार्न सफल भए। यस्तै अन्य दुर्लभ एवं लोपोन्मुख धेरै वनस्पतिहरू हुन सक्छन् जसको लागि आफू र कार्यालयका कर्मचारीहरूलाई अध्ययन अनुसन्धानमा अभिप्रेरित गरिने पराजुली बताउछन् । उनले भने 'भोटे लहरा मकवानपुरमा फेला पार्ने प्रण पूरा भयो। अब यसको थप अनुसन्धान गरिनेछ । फेला पारिएको भोटे लहराको हर्वेरियम संग्रह पनि गरिनेछ।' उक्त कार्यालयले बहुआयामिकढंगबाट वनस्पति अध्ययन, अनुसन्धान, सम्वर्द्धन, प्रवर्द्धन गर्दै अगाडि बढ्ने प्रयास गरिरहेको र भविष्यमा वनस्पति स्रोतको सही सदुपयोग गरी यसलाई उत्पादनसँग जोडेर राज्यको कुल ग्राहस्थ उत्पादनमा केही मात्रामा भए पनि योगदान गर्नसक्ने गरी कार्य अगाडि बढाइरहेको पराजुली बताउछन् ।

'यहीअनुरूप आफ्ना कार्यक्रमहरू तय गरेर लागु गरिरहेका छौं,' उनले थपे । वनस्पति स्रोतको सर्वांगीण विकास, सदुपयोग र राज्यको कुल ग्राहस्थ उत्पादनमा वनस्पति स्रोतलाई मूलप्रवाहीकरणका लागि आबश्यक अध्ययन, अनुसन्धान, प्रविधिविकास र प्रविधि हस्तान्तरणका लागि वनस्पति विभाग स्थापना भएको छ । सम्पदालाई कसरी सदुपयोग गर्ने भन्नेबारे वनस्पतिको औषधीय, व्याबसायिक गुण र अन्य घरेलु प्रयोजनका अन्य औद्योगिक प्रयोजनका गुण केके छन् भनेर पत्ता लगाउन भोटेलहरा नामक प्राकृतिक सम्पदा पहिचान गरेर अनुसन्धानशालामा जाच गरिनेछ। पहिचानपछि प्राकृतिक सम्पदा अनुसन्धानशाला र वनस्पति विभागमा भएका विभिन्न प्रयोगशालामा त्यसको गुण र दोष पहिचान गरेर औषधीय गुण वा उपयोगी गुण छन् भने भोटेलहरालाई व्याबसायिक रूपान्तरण र उपयोग कसरी गर्न सकिन्छ भन्ने अनुसन्धान गरिनेछ ।

'व्याबसायिक प्रयोजनमा लैजान सकिने उत्पादनका लागि अनुसन्धान केन्द्रहरूमार्फत् जडिबुटीका बेर्ना उत्पादन, बितरण र व्यापक खेती शुरू गरिनेछ । त्यसको प्रशोधन गरेर भोटेलहराको सार तत्वलाई विदेश लगेर निर्यात पनि गर्न सकिने सम्भावनाको ढोका खोल्न हामी तत्पर छौं,' पराजुली भन्छन्। कार्यालयले बहुआयामिकढंगबाट वनस्पति अध्ययन, अनुसन्धान, सम्वर्द्धन, प्रवर्द्धन गर्दै अगाडि बढ्ने प्रयास गरिरहेको र भविष्यमा वनस्पति स्रोतको सही सदुपयोग गरी यसलाई उत्पादनसग जोडेर राज्यको कुल ग्राहस्थ उत्पादनमा केही मात्रामा भए पनि योगदान गर्नसक्ने गरी कार्य अगाडि बढाइरहेको पराजुली बताउँछन् । 'यहीअनुरूप आफ्ना कार्यक्रमहरू तय गरेर लागु गरिरहेका छौं,' उनले थपे ।



# सुमो प्रहरी नियन्त्रणमा

◆ विकास संवाददाता

मकवानपुर प्रहरीले लागूऔषध गाँजा बोकेको सुमो सहित १ जनालाई पक्राउ गरेको छ । भिमफेदी-३ स्थित भैंसे चेक प्वाईन्टमा काठमाडौंबाट हेटौंडा तर्फ आउँदै गरेको ना १ ज ४७३३ नम्बर को सुमो चेकजाँच गर्ने क्रममा भागेपछि शंका लागि पिछा गरेर नियन्त्रणमा लिएर चेकजाँच गर्दा सुमोबाट ६ वटा पोकामा रहेको ३४ किलो लागूऔषध गाँजा सहित चालक पर्सा बिन्दावासिनी गाउँपालिका वडा नम्बर-३ बस्ने २९ बर्षीय रविन्द्र उपाध्यायलाई पक्राउ गरिएको मकवानपुरका निमित्त प्रहरी प्रवक्ता प्रहरी निरीक्षक अविनाश अधिकारीले बताए।

# हेटौँडाको एक घरमा आगलागी

◆ विकास संवाददाता

मकवानपुरको हेटौँडा उपमहानगरपालिका वडा नम्वर ४ हुप्राचौर स्थित एक घरमा आगलागी भएको छ ।

१५ बैशाखमा राति स्थानीय बिमला उप्रेतीको दुई तले पक्की घरमा काभ्रे पाँचखाल-७ बस्ने राज कुमार न्यौपानेले संचालन गरेको सुभलाल ट्रान्सपोर्ट अचानक आगोलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक अविनाश अधिकारीले जानकारी दिए ।

आगलागी भएको थाहा पाउनासाथ वडा प्रहरी प्रमुख प्रहरी निरीक्षक कृष्णप्रसाद विष्टको कमाण्डमा खटिएको १५ जनाको टोली, हेटौंडा उपमहानगरपालिकाको वारूणयन्त्र र स्थानीयको सहयोगमा बिहिबार बिहान करिब २ घण्टापछि आगो नियन्त्रणमा आएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार, आगलागीबाट ट्रान्सपोर्ट भित्र रहेको दुई वटा मोटर साइकल, ४५ कार्टुन आगरबत्ती, विद्युतीय सामाग्री, अन्दाजी ८ रोल कार्पेट, मोटर पार्टलगायत अन्य खाद्यान्य सामाग्री, सोलार, औषधी र कार्यालयको फर्निचर , कागजपत्र जलेर नष्ट भएको छ ।

प्रहरी निरीक्षक अधिकारीले दिएको जानकारी अनुसार, आगलागीबाट कति धनमालको क्षति भयो भन्ने पूरा विवरण आउन बाँकी रहेको छ । उक्त आगोलागीबाट मानवीय क्षति भने नभएको जनाएको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# मालपोत कार्यालय सेवा प्रवाह अनिश्चितकालका लागि स्थगित



◆ विकास संवाददाता

मकवानपुर थाहानगरमा रहेको मालपोत कार्यालय शिखरकोटको सेवा प्रवाह स्थगित भएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको १७ वैशाखमा भएको निर्णय अनुसार अर्को सुचना नभएसम्मको लागि सेवा सथगित भएको कार्यालयले जनाएको छ ।

मालपोत कार्यालय शिखर कोटले १७ वैशाखमा एक सूचना प्रकाशन गरी कोरोना भाइरसको उच्च जोखिम र हेकोले अर्को सूचना नभएसम्मको लागि सेवा स्थगित गरिएको कार्यालय प्रमुख मधु लम्सालले जानकारी दिए ।

# जसले विवाह भोज स्थगित गरे



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३ खैटेका दीपक रायमाझीले १९ वैशाखमा विवाह सम्पन्न गरे । विवाह परम्परा अनुसार भोलिपल्ट प्रितिभोज खुवाउनु पर्ने परम्परा छ । तर, उनले कोभिड-१९ (कोरोना भाइरस) को उच्च जोखिमका कारण भोज स्थगित गरेका छन् । नेपाल सरकारले भोजभत्तेर नगर्नका लागि सार्वजनिक सूचना गरिरहेका बेला अटेर गर्नेहरूका विरूद्ध दीपक उदाहरणीय बनेका छन् ।

आम आफन्त, घर गाउँबासीहरूको स्वास्थ्य सुरक्षालाई मध्येनजर गरेर दीपकको परिवारले गरेको निर्णय सबैले स्वागत गरेका छन् । उनको निर्णयलाई सकारात्मक रूपमा लिँदै यसको नगरपालिकाले उच्च मूल्यङ्कन गरेको नगर प्रमुख लवशेर विष्टले जनाएका छन् । दीपकको परिवारको निर्णय आम नागरिकको स्वास्थ्य सुरक्षाको हितमा रहेको छिमेकी निरज रायमाझीले प्रतिक्रिया दिए । रायमाझीले भने-'नियम अटेर गर्नेले दीपकको परिवारबाट सिक्नुपर्छ ।'

स्वास्थ्य सबैभन्दा ठूलो कुरा भएको महसुश गर्दै भोज स्थगित गरिएको दीपकले बताए । उनले भने-'हामीले वडा कार्यालयसंग पनि सल्लाह गर्यौं, सबैको सल्लाहमा भोज स्थगित गरेका छौ ।' संवेदनशील अवस्थामा सबै तयारीकाबीच पनि भोज स्थगित गरेको बताउँदै उनले सबैलाई स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाउन अनुरोध समेत गरेका छन् ।

दीपकको डाँडागाउँ निवासी सजना भुजेलसंग विवाह भएको हो ।

# कांग्रेस निकट कोभिड अनुगमन समिति मकवानपुरले सक्रियता बढायो

**विकास संवाददाता**/मकवानपुरमा पछिल्लो समय कोरोना भाइरस (कोभिड १९) को संक्रमण बढेसंगै नेपाली कांग्रेस निकटको कोभिड–१९ अनुगमन समिति थप सकृय बनेको छ ।

समितको शनिबार बसेको बैठकले मकवानपुरको १० वटै स्थानीय तहमा कोरोनाको दोस्रो लहरले पारेको प्रभाव र अवस्था बारे अनुगमन गर्ने र अत्यावश्यक स्वास्थ्य सामग्री वितरण गर्ने निर्णय गरेको छ । समितिका जिल्ला संयोजक उत्सव इटेनीको अध्यक्षतामा बसेको बैठकले समितिका सदस्य मणिराज गौतमलाई सचिव, जानुका गिरीलाई कोषाध्यक्ष र स्वास्थ्यकर्मी सुधीर दाहाललाई सदस्यमा मनोनित गरेको छ । बैठकले कोरोना जोखिमलाई न्यूनीकरण गर्न कोराना कोष खडा गर्ने निर्णय गरेको छ । समितिका सदस्य सुधीर दाहालले समितिलाई उपलब्ध गराएको एकहजार थान माक्स र ५ लिटर सेनिटाइजर सहयोगको लागि धन्यवाद ज्ञापन गरेको छ । बैठकमा कांग्रेस हेटौंडा उपमहानगर सभापति आनन्दराम पराजुली, समितिका सदस्यहरू रामकृष्ण कोइराला, सञ्जय श्रेष्ठ, सुनिल गिरी, सुजन विडारी, डोल्मा स्याङ्वो, मदन जोशी लगायतको उपस्थिति थियो ।

# कोरोना महामारी नियन्त्रण पहिलो प्राथमिकता : मन्त्री बस्नेत

◆ विकास संवाददाता

बागमती प्रदेशका सामजिक विकास मन्त्री सरस्वती बस्नेतले कोरोना महामारी नियन्त्रणनै आफ्नो पहिलो काम भएको बताएकी छिन् । नवनियुक्त मन्त्री बस्नेतले आज हेटौँडामा पत्रकार भेटघाटको आयोजना गरि नेपालमा पनि भयाबह बन्दै गएको कोरोना संक्रमणको महामारीलाई रोक्नको लागि आफुहरूले योजना बनाएर अघि बढने बताईन् ।

कोरोना भाईरस नियन्त्रणको लागि सबैभन्दा महत्वपूर्ण विषय भनेकै माक्स सचेतना रहेको भन्दै उनले आम नागरिकलाई माक्स लगाउन र बेलाबेलामा साबुन पानीले हात धुनको लागि समेत आग्रह गरेकि छिन् ।

कोरोना संक्रमणको कारण देशको हरेक क्षेत्रका असर परेको भन्दै उनले कोरोना संक्रमणलाई न्युनिकरणको लागि मन्त्रालयले प्राथमिकताको साथ काम गर्नृ बताईन् । उनले कोरोनाको कारण बन्द भएको विद्यालयमा अझ पाहाड तथा हिमाली क्षेत्रका विद्यालयमा कसरी शिक्षाको बैकल्पिक ब्यवस्थापन गर्ने भन्ने विषयमा समेत चासो रहेको बताईन् । सहर बजार क्षेत्रमा इन्टरनेटको पहुँच हुने भएको कारण अनलाई शिक्षालाई प्रभावकारी ढंगबाट सञ्चालन गर्न सकिने भएपनि ग्रामिण क्षेत्रमा समस्या रहेको भन्दै उनले यो विषयमा समेत आफुले छलफल अगाडी बढाईसकेको बताईन् ।



पत्रकार भेटघाटमा बोल्दै सामजिक विकास राज्यमन्त्री डाक्टर रामकुमार अधिकारीले कोरोना महामारी रोक्ने महत्वपूर्ण तरिका भनेकै सामजिक दुरी र माक्सको प्रयोग भएको बताए । हामी नेपालीहरू अझैपनि माक्स लगाउन हिचकिचाउनाले समस्या भएको भन्दै अनिवार्य माक्स लगाउन उनले आग्रह समेत गरे ।

उपभोग्य सामाग्री खरिद गर्दा उपभोग मिति अनिवार्य हेरौं ।

# दलित मुक्ती मोर्चामा अर्जुनको नेतृत्व



◆ विकास संवाददाता

नेपाल राष्ट्रिय दलित मुक्ती मोर्चा थाहा नगर कमिटीको नगर भेलाले अर्जुन सुनारको अध्यक्षतामा मोर्चाको २५ सदस्यिय थाहा नगर कमिटी निर्माण गरेको छ । थाहा नगरको विकास घरमा आज भएको भेलाले उपाध्यक्षमा राम प्रसाद वि.क., सचिवमा शान्ति वि.क.,सह सचिवमा अन्जना वि.क.,कोषाध्यक्षमा रमेश परियार लाई चयन गरेको हो ।

नेकपा माओवादी केन्द्रका वागमती प्रदेश कमिटि सचिवालय सदस्य विष्णु विष्ट 'आदर्श' प्रमुख अतिथि रहनु भएको कार्यक्रममा नेकपा माओवादी केन्द्रका नगर अध्यक्ष अरूण रायमाझी, नेपाल राष्ट्रिय दलित मुक्ती मोर्चाका केन्द्रिय सदस्य जमिन दियाली, वाईसियल थाहा नगर अध्यक्ष मान सिंह दोङ्ग लगायतको आथित्यता रहेको थियो । मोर्चाको नगर अध्यक्ष चयन हुनु भएका सुनारले दलित आन्दोलनलाई अधिकार प्राप्तीको आन्दोलनका रूपमा अगाडी बढाउन आफु नेत्तृत्वको समिति निरन्तर क्रियाशिल बनाउने प्रतिवद्धता व्यक्त गर्नु भएको छ ।

# अत्यावश्यक बाहेक अन्य कार्यालय एक चौथाइ कर्मचारीले चलाइने



◆ विकास संवाददाता

कोरोना रोकथाम तथा नियन्त्रण केन्द्रीय व्यवस्थापन तथा समन्वय केन्द्र (सिसिएमसी) ले अत्यावश्यक सेवाबाहेक अन्य कार्यालय एक चौथाइ कर्मचारीद्वारा सञ्चालन गराउने निर्णय गरेको छ ।

केन्द्रको १८ बेशाखमा सम्पन्न बैठकका निर्णयमा निषेधाज्ञा जारी भएका काठमाडौँ उपत्यका र ठूला शहरमा बैंक तथा वित्तीय संस्थाका एक चौथाइ शाखामा एक चौथाइ कर्मचारी राखी सञ्चालन गराउने भनिएको छ । उक्त कार्यका लागि नेपाल राष्ट्र बैंकले सहजीकरण गर्नेछ । काठमाडौँ उपत्यकाका हकमा सूचना तथा प्रसारण विभागबाट र अन्य जिल्लाका हकमा प्रमुख जिल्ला अधिकारीले जारी गरेको प्रेस पास मान्य हुने, व्यवसाय र उद्योगमा कर्मचारी एवं श्रमिकलाई उद्योगभित्रै बास तथा खानाको व्यवस्था गरी उद्योग व्यवसाय सञ्चालन गर्ने, कोभिड–१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक सामग्री (मास्क, स्यानिटाइजर, साबुन, पञ्जा, अक्सिजन आदि) उत्पादन गर्ने उद्योग, कलकारखाना स्वास्थ्य मापदण्ड पालना गरी सञ्चालन गर्ने, सार्वजनिक निर्माणमा संलग्न श्रमिकलाई कार्यस्थलमै बास र खानाको व्यवस्था गरी सार्वजनिक निर्माण गरिराख्ने निर्णय पनि गरिएको छ ।

१८ बैशाखमा सार्वजनिक निर्णयमा आयोजनाका निर्माण सामग्री ढुवानी गर्ने सवारी साधनका चालक र सहयोगीलाई उद्गम र गन्तव्य प्रष्ट उल्लेख भएको आयोजनाले जारी गरेको परिचयपत्रका आधारमा सवारी साधन सञ्चालन गर्नेलगायत रहेको उपप्रधानमन्त्री एवं केन्द्रका संयोजक ईश्वर पोखरेलको सचिवालययले जनाएको छ । काठमाडौ उपत्यकाका हकमा पर्यटन र अध्यागमन विभाग, नेपाल पर्यटन बोर्ड तथा नेपाल प्रहरीले संयुक्त रूपमा होटेल क्वारेन्टिनमा बस्नेहरूको नियमित अनुगमन गर्ने, अन्य जिल्लाका हकमा प्रदेश र स्थानीय तहले सम्बन्धित निकाय सम्मिलित संयन्त्र निर्माण गरी अनुगमन गर्ने, होम क्वारेन्टिनमा बसेकाहरूका सम्बन्धमा स्थानीय तहले अनुगमन गर्ने, होटेल क्वारेन्टिनको नियम पालना नगर्ने विदेशी नागरिकलाई जरिवानासहित तत्काल तिनका देश पठाइने प्रक्रिया अघि बढाउने भनिएको छ ।

होटेल क्वारेन्टिनको नियम पालना नगर्ने नेपालीलाई कानूनबमोजिम जरिवाना गर्ने तथा होटेल क्वारेन्टिनको व्यवस्थापनमा लापरवाही गर्ने सम्बन्धित होटेल सञ्चालककलाई प्रचलित कानूनबमोजिम कारबाही गर्ने उल्लेख छ । यसैगरी आमसञ्चारमाध्यमलाई कोभिडविरूद्धका जनचेतनामूलक सन्देश प्रसारण-प्रकाशन गर्न अनुरोध गर्ने तथा सम्बन्धित स्थानीय तहले टोलटोलमा कोभिडविरूद्धको जनचेतनाका लागि नियमित माइकिङ गर्ने निर्णयमा उल्लेख छ ।

## मकवानपुरको कैलाशमा

# सुत्केरीको ज्यान बचाउदै "बर्थिङ सेन्टर"



◆ विकास संवाददाता

मकवानपुरको कैलाश गाउँपालिकामा बर्थिङ सेन्टर (प्रसूति सेवा) सञ्चालन गरेपछि महिलाको अकाल मृत्यु न्यूनीकरणमा सहयोग पुगेको छ ।

मकवानपुरको विकट क्षेत्रको रूपमा रहेको कैलाश गाउँपालिकामा अशिक्षित जनसंख्या धेरै रहेको छ । वाल विवाह धेरै हुने र जन्मान्तर कम भएकाले कैलाशमा महिलाहरूमा बढि समस्या देखिने कैलाशका स्वास्थ्य शाखा प्रमुख श्याम सुन्दर महतो बताउँछन् । अहिले गाउँपालिकामा ५ वटा बर्थिङ सेन्टर रहेको छ । जसमा २/२ जना अनमीहरूले सेवा दिइरहेका छन्, भने २ वटा बर्थिङ सेन्टरमा एक जना करार गरेर ३ जनाले सेवा दिइरहेका छन् । अहिले गाउँपालिकको सबै वडामा स्वास्थ्य केन्द्रको स्थापना गरेर सेवा प्रवाह सुरू गरिएको स्वास्थ्य शाखा प्रमुख महतोले बताए । उनले भने 'हाम्रो गाउँपालिकामा चेपाङ, तामाङ लगायतको बाहुल्य रहेको छ जसमा स्वास्थ्य सेवा सम्बन्धी ज्ञान कम रहेको छ तर पछिल्लो समय सुत्केरी गराउन स्वास्थ्य संस्थामा जान पर्छ भने ज्ञान बढेको देखिन्छ ।' अघिल्लो वर्ष १३५ जना बर्थिङ सेन्टरमा सुत्केरी भएका थिए भने यो वर्ष १६० जनाले नियमित चेकजाच गरि बर्थिङ सेन्टरमै सुत्केरी भएको महतोले बताए । बर्थिङ सेन्टरले अकालमै मृत्यु हुने, सुत्केरी गराउन जादाजादै बाटोमै मृत्यु हुने समस्या कम भएको छ ।

पहिले नियमित जाँचका लागि नआउने, घरमै सुत्केरी हुने दर बढि थियो । कैलाशको भौगोलिक अबस्था जटिल रहेका कारण अस्पताल जान नसकिने देखिन्थो तर गाउमै बर्थिङ सेन्टर खुलेसंगै मनहरी,हेटौंडा र चितवन जाने अवस्था नआएको स्थानिय बताउछन् । बर्थिङ सेन्टरले विपन्न बर्गका महिलाहरूलाई सजिलो भएको छ ।

नजीकैको स्वास्थ्य संस्थामा सेवा पाउने भएपछि महिलाले अरू काम भ्याएर समेत जचाउने गरेको महतो बताउछन् । उनले भने, 'नियमित रूपमा गाउँगाउँमा कार्यक्रम गरी स्वास्थ्य संस्थामा सुत्केरी हुँदाका फाइदाबारे सम्झाइरहेका छौं । सुत्केरीका लागि २ वटा निशुल्क एम्बुलेन्सको व्यवस्था गरिएको छ । एम्बुलेन्स नपुगे ठाउँमा स्टेचरको व्यवस्था गरिएको छ । अस्पतामा सुत्केरी भएमा २ हजार पाइने र नियमित जचाउन आएको भए ८ सय थपेर २८ सय पाइने कुराले समेत बर्थिङ सेन्टरमा सुत्केरी हुन आउने बढेका छन् । प्रदेश सरकारले चेपाङ समुदायका महिलाले बर्थिङ सेन्टरमा सुत्केरी भएका थप २ हजार दिने गर्दछ ।'

आर्थिक वर्ष २०७७/०७८ मा कैलाश गाउँपालिकाको केन्द्र तथा प्रदेशको वित्तीय समानीकारण र सशर्त अनुदान र गाउँपालिकाको आन्तरिक स्रोत गरी ४३ करोड ७२ लाख ५९ हजार ७२४ रूपैया बजेट विनियोजन भएको छ, जसमा स्वास्थ्य तर्फ ३० लाख बजेट छुट्टाइएको छ ।स्वास्थ्य शाखा प्रमुख महतोले अहिलेको स्वास्थ्य अवस्था सुधारउन्मुख भएपनि चित्तबुझ्दो नभएको बताए । 'यहाँको प्रमुख समस्यामा बाल विवाह, अशिक्षा, भौगोलिक विकटतासंगै गरिवी समेत रहेको छ । यहाँ जनशक्ती कम रहेको छ । दुर्गम भएकाले सरूवा गराउने र भएको दरवन्दिमा समेत स्वास्थ्यकर्मी नआउने देखिन्छ ।' महतो बताउछन् ।

गाउँपालिकाले स्वास्थ्य संस्थामा सुत्केरी गराउन १,२ दिन अघिदखि राखेर बर्थिङ सेन्टरमा सुत्केरी गराउने योजना ल्याएको भएपनि भवन अभावमा निरन्तर गर्न सकेको देखिदैन । पालिकाभर स्वास्थ्य सेवा पुर्याउनका लागि गाँउघर क्लिनिक सेवा समेत दिइरहेको महतोले बताए । प्रत्यक टोल टोलमा महिला स्वयमसेविका राखिएको र उनीहरूद्वारा परिवार नियोजनको अस्थाई साधनदेखि सुत्केरी जाँचसम्मको सेवा लिए नलिएको हेरिने उनले बताए ।

# ७ स्थानीय तहमा एन्टीजेन विधिबाट कोरोना परीक्षण शुरू

◆ विकास संवाददाता

मकवानपुरको १० वटा स्थानीय तहमध्ये ७ वटा स्थानीय तहले एन्टीजेन विधिबाट कोरोना परीक्षण सुरू गरेका छन् ।

जिल्ला जनस्वास्थ्य कार्यलय मकवानपुरका सूचना अधिकारी ठाकुर पौडेलका अनुसार मकवानपुरका ७ वटा स्थानीय तहले स्थानीय स्तरमै परीक्षणको लागि २ हजार ७५ एन्टीजेन किट लिएका छन् ।

जनस्वास्थ्यबाट आएको ३ हजार एन्टीजेन किट मध्ये २ हजार ७५ किट विभिन्न स्थानीय तहले लिएको सूचना अधिकारी पौडेलले बताए ।

उनका अनुसार सबैभन्दा बढी हेटौंडा उपमहानगरपालिकाले १२ सय थान एन्टीजेन किट लिएको छ भने थाहा नगरपलिका र मनहरी गाउँपालिकाले ३/३ सय किट लिएका छन् ।

यसैगरि कैलाश,बागमती र मकवानपुरगढी गाउँपालिकाले ७५/७५ थान किट लिएका छन् भने ५० थान किट इन्द्रसरोबर गाउँपालिकाले लिएको छ । यसैगरि हेटौंडा अस्पतालले १ सय थान किट लिएको सूचना अधिकारी पौडेलले बताए ।

उनका अनुसार अब जिल्ला जनस्वास्थ्य कार्यलयममा ८ सय २५ थान किट बाँकी रहेको छ । उनका अनुसार मकवानपुरको बकैया,भीमफेदी र राक्सिराङ गाउँपालिका बाहेक सबै स्थानीय तहमा एन्टीजेन विधिबाट कोरोना परीक्षण भइरहेको छ ।

मकवानपुरमा हालसम्म कोरोना पुष्टि हुनेको संख्या ४ हजार २ सय ४० जना पुगेको छ । मकवानपुरमा हालसम्म ३ हजार ८ सय ८० जना संक्रमण मुक्त भइसकेका छन् ।

मकवानपुरमा आजको दिनमा ३ सय २५ जना सक्रिय संक्रमित उपचार रत रहेका छन् । जसमा ३१० जना घर मा,९ जना हेटौंडा अस्पतालको आईसियूमा र ६ जना गौरिटार आइसोलेसनमा उपचाररत रहेका छन् । मकवानपुरमा कोरोनाबाट हालसम्म ३५ जनाको मुत्यु भएको छ ।

# क्रिकेट रंगशालालाई थाहाको...........




सहयोग ग्रहण पश्चात् फाउण्डेशनकी कुन्जना घिमिरेले थाहा नगरपालिकालाई धन्यवाद दिइन् । सबैको सहयोगबाटै निर्माण कार्य अघि बढिरहेकोमा नगर पालिकाको सहयोगले थप उत्साह मिलेको बताइन् । सकारात्मक काम जसले राष्ट्रलाई फाइदा पुग्छ त्यस्तो अभियानमा लागेका कलाकारद्वय धुर्मुस र सुन्तलीलाई नगर प्रमुख विष्टले शुभकामना व्यक्त दिए । सकारात्मक काम गर्दा केही तत्वले कुरा काट्ने र अवरोध सृजना गर्न खोज्नु सामान्य भएको बताउँदै विष्टले राम्रा काम गर्न लागेका उनीहरूलाई सँधैसाथ रहने प्रतिवद्धता व्यक्त गरे ।

सहयोग हस्तान्तरण कार्यक्रममा थाहा नगरपालिकाका प्रशासन महाशाखा प्रमुख अजित घिमिरे, लेखा प्रमुख विष्णु भुसाल, योजना महाशाखा प्रमुख विवेक विडारी, सूचना प्रविधि शाखा प्रमुख अरूण लामा, सूचना अधिकारी सुरजकुमार भुजेललगायतकाको उपस्थिती रहेको थियो ।

# थाहाका भुजेल राष्ट्रियस्तरमै........




राष्ट्रिय सूचना आयोगको पुरस्कार सिफारिस समितिले मूल्याङ्कन गरी गरि एको सिफारिसका आधारमा देशभरबाट उत्कृष्ट पाँच जना सूचना अधिकारीलाई पुरस्कृत गर्ने निर्णय भएको सूचना आयुक्त तथा प्रवक्ता कमला ओली थापाले जानकारी दिइन् ।

त्यस्तै विनय कसजु उत्कृष्ट अभियान्ता पुरस्कारबाट ५ जना सूचनाको हकका अभियान्ता पनि पुरस्कृत गर्ने आयोगले जारी गरेको विज्ञप्तीमा उल्लेख छ । आयोगले उत्कृष्ट कार्य सम्पादन गर्ने उत्कृष्ट तीन जना कर्मचारीलाई पनि सम्मान गर्ने निर्णय गरेको छ ।




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी